बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (बर्दघाट- सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. : २०७५/०७६
च.नं.:

मितिः २०७६/२/२३

सूचना ! सूचना !! सूचना !!!

मिति २०७६/०२/१७ को दिन बुलिङटार गाउँपालिकाका अध्यक्ष श्री शशिकिरण बस्ताकोटीको संयोजकत्वमा गाउँपालिकाका कार्यपालिका सदस्य सहितका पदाधिकारीहरु समेतको स्थलगत निरीक्षण, अनुगमन हुदाँ बुलिङटार ३ अन्तर्गत कालिगण्डकी तिरमा, तिर भन्दा माथि बिचमा, र कालिगण्डकी कोरिडोरको उत्तर तर्फ र दक्षिण तर्फको क्रसर उद्योग स्थापना गरेको स्थानमा बेवारिसे रुपमा डम्पिङ भएको नदिजन्य पद्धार्थ ( ढुङ्गा, रोडा, गेग्रान ) को नियमनका लागि गाउँ कार्यपालिकाबाट प्राविधिक सहितको टोलि खटाइ यथासिघ्र नापजाँच मुल्याङ्कन प्रतिवेदन वडा समितिको रोहबरमा पेश गर्न लगाइ उक्त नापजाँच र प्रतिवेदनको आधारमा आवश्यक कानूनी प्रक्रिया अगाडी बढाउने निर्णय भए अनुसार मिति २०७६।०२।१७ च.नं. ७२३को पत्रानुसार गाउँपालिकामा कार्यरत ईन्जिनियर विश्वास पण्डित, सब ईन्जिनियर गंगा बहादुर रोकाय र सब ओभरसियर खेमराज ठाडा मगरलाई वडा समितिको रोहबरमा तत् तत् माथी उल्लेखित स्थलको यथासिघ्र नापजाँच मुल्याङ्कन प्रतिवेदन पेश गर्न खटाइए अनुसार मिति २०७६/०२/२१ गते देहाय बमोजिमको वेबारिसे नदिजन्य पद्धार्थ रहेको स्थलमा देहाय बमोजिमको बेवारिसे नदिजन्य पद्धार्थ (ढुङ्गा, रोडा, गेग्रान) परिमाण रहेको प्रतिवेदन पेश भइ यस कार्यपालिकाको बैठकमा गम्भिर रुपमा छलफल र विश्लेषण हुदाँ देहाय बमोजिमको बेवारिसे नदिजन्य पद्धार्थ (ढुङ्गा, रोडा, गेग्रान) देहाय बमोजिमको स्थानमा देहाय बमोजिमको परीमाण कसैलाई आफ्नो हो भन्ने हकदाबी लागेमा सबुत कागजात

www.bulingtarmun.gov.np bulingtargaunpalika@gmail.com ph. 9857070107

प्रमुख प्रशासकीय अधिकृत

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (बर्दघाट- सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७५/०७६
च.नं.

प्रमाण सहितको विवरण यस गाउँपालिकामा यो सूचना प्रकाशित मितिले ३ दिन भित्र पेश गर्नुहुन मिति २०७६।०२।२२ को कार्यपालिकाको निर्णयानुसार सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरीन्छ ।

| क.स | बेवारिसे नदिजन्य पदार्थ रहेको स्थल | नदिजन्य पदार्थको नाम | परिमाण | ईकाइ | नापजाँच गरिएको स्थान | अनुगमन गरिएको मिति |
|---|---|---|---|---|---|---|
| १ | कालिगन्डकी तिरमा | ढुँगा, रोडा, गेग्रान | १२४७३० | क्यू फिट | कालिगन्डकी तिरमा | २०७६।०२।१९ |
| २ | कालिगन्डकी तिर भन्दा माथि | ढुँगा, रोडा, गेग्रान | ३९२५०० | क्यू फिट | कालिगन्डकी तिर भन्दा माथि | २०७६।०२।१९ |
| ३ | कालिगन्डकी कोरिडोरको उत्तरतर्फ र दक्षिण तर्फको क्रसर उधोग स्थल | ढुँगा, रोडा, गेग्रान | १८१०३५० | क्यू फिट | कालिगन्डकी कोरिडोरको उत्तरतर्फ र दक्षिण तर्फको क्रसर उधोग स्थल | २०७६।०२।२१ |
| ४ | सिगुवा बगैचा | ढुँगा, रोडा, गेग्रान | ५११८१ | क्यू फिट | सिगुवा बगैचा | २०७६।०२।१९ |

..............................
विष्णु प्रसाद ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत